# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

मनहरी गाउँपालिका कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक ब्यवस्थापन शाखा
च.नं.: २०९९

मितिः-२०७७/१२/२६

विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७७ चैत्र २३ गते सोमवार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान नौ यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

२०७७/१२/२६

.................................
(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७ चैत्र २३ गते सोमवार बसेको मनहरी गाउँ कार्यपालिका बैठकको निर्णय

प्रस्तावहरु

१. योजनाको नाम संशोधन वारे ।
२. लागत सहभागिताको योजना स्वीकृत गर्ने वारे ।
३. वडा स्तरीय भैपरी योजना छनौट गर्ने वारे ।
४. नदीजन्य पदार्थको आईई कार्यान्वयन म्याद थप बारे ।
५. निशुल्क कृतिम गर्भाधान कार्यक्रममा नपुग रकम थप गर्ने वारे ।
६. अन्तर स्थानीय तह खेलकुद कार्यक्रममा सहभागिता वारे ।
७. नाईट्रोजन राख्ने सामग्री खरिद गर्ने वारे ।
८. एकल महिलाको आवास सहयोग वारे ।
९. योजनाहरुको म्याद थप गर्ने वारे ।
१०. मिलडाँडा रमौली सडकको वचत रकम विनियोजन वारे ।
११. लक्षित समुह कार्यक्रमको खर्च रकम भुक्तानी वारे ।
१२. खानेपानी योजनाहरुको पाईप खरिद वारे ।
१३. ५, ६ र ७ नं. वडाको योजनाहरुको DPR गराउने वारे ।
१४. सहिद स्मृति गोल्डकप फुटवलको नपुग रकम ब्यवस्था गर्ने वारे ।
१५. राप्ती, मनहरी, लोथर खोलाको जोखिम अध्ययन गर्ने वारे ।
१६. विविध विषयहरु
    - क- ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम सहयोग वारे ।
    - ख- पशु खोपको लागि रकम विनियोजन गर्ने वारे ।
    - ग- लोथरमा खानेपानीका लागि जिन्सी सामान दिने वारे ।
    - घ- सडक मर्मत वारे ।

निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा यहि १७ गते सम्पन्न आठौ गाउँसभावाट भएको निर्णयानुसार यस गाउँपालिका क्षेत्रभित्र संचालनको क्रममा रहेका स्वीकृत योजनाहरको नाम नमिलेमा सो नाम संशोधन गर्न सकिने ब्यवस्था भएकाले देहायका योजनाहरुको नाम संशोधन गरी संशोधित नाम अनुसार योजना संचालन गर्ने ।

| वडा नं. | योजनाको नाम. ठेगाना | रकम | संशधित नाम. ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | घैया डाँडा कालोपत्रे | ६ लाख | घैया डाँडा स्ल्याब ढलान | गा.पा.पुँ. |
| १ | पर्ता जिमहाउस भवन निर्माण | २ लाख | पर्ता समुह घर निर्माण | गा.पा.पुँ. |
| दलित समिति | सामुहिक रुपमा वाग्रा पालन | ९ लाख | कक्षा ११ र १२ का दलित विद्यार्थि छात्रवृति रु २ लाख र पाडा/पाडी वितरण ६ लाख | गा.पा.चा |
| ९ | कृष्ण प्रणामी टोल नाला निर्माण | ३ लाख | लच्का निर्माण योजना | गा.पा.पुँ. |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सुकौरा टोल देखि खा.पा ट्याकि सम्म स्ल्याव ढलान | १ लाख | " | " | " |

२. यस प्रस्तावमा छलफल गर्दा गाउँसभावाट विनियोजित ६०/४० प्रतिशत नगद लागत सहभागिता ब्यहोर्ने गरी लाभग्राही/उपभोक्ता समुहवाट प्राप्त योजनाहरुको छनौट कार्य देहाय अनुसार गरी बजेट विनियोजन गरे अनुसार कार्यालयवाट कार्यान्वयनको प्रकृयामा जाने ।

| क्र.स | आयोजनाको नाम | वडा नं. | अध्यक्षको नाम | कार्यालयले ब्यहोर्ने | उपभोक्ताले ब्यहोर्ने | जम्मा विनियोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | दिव्य ज्योती महिला बचत तथा ऋण सहकारी संस्था लि. भवन निर्माण | 8 | सुजिता थापा मस्राङे | 100200.00 | 66800.00 | 167000.00 | |
| 2 | भुन्द्रुङ मल्लटोल खानेपानि तथा इनार खन्न | 3 | राम कुमार मल्ल | 100200.00 | 66800.00 | 167000.00 | |
| 3 | भुन्द्रुङ तल्लो बिचटोल खानेपानि तथा इनार खन्न | 3 | गोपाल अर्याल | 100200.00 | 66800.00 | 167000.00 | |
| 4 | किरिम खोल्ची तटबन्धन | 2 | टेक बहादुर तामाङ्ग | 1500000.00 | 1000000.00 | 2500000.00 | |
| 5 | भुन्द्रुङ माथिल्लो टोल खानेपानि तथा इनार खन्न | 3 | अर्जुन कुमार सुवेदी | 100200.00 | 66800.00 | 167000.00 | |
| 6 | भुन्द्रुङ माथिल्लो प्रगतिशिल टोल खानेपानि तथा इनार खन्न | 3 | हेम बहादुर रोक्का | 100200.00 | 66800.00 | 167000.00 | |
| 7 | भुन्द्रुङ पुछार टोल खानेपानी तथा इनार खन्न | 3 | खेम बहादुर खड्का | 100200.00 | 66800.00 | 167000.00 | |
| 8 | भुन्द्रुङ पुछार टोल खानेपानि इनार खन्न | 3 | उद्धव मल्ल | 100200.00 | 66800.00 | 167000.00 | |
| 9 | विल्लेश्वर मन्दिर,सतल,शौचालय निर्माण | 3 | एकराज पुरी | 499800.00 | 333200.00 | 833000.00 | |
| 10 | ज्यामिरे आँपखोल्ची तटबन्धन | 9 | सन्जिब सुवुदी | 499800.00 | 333200.00 | 833000.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 11 | शान्ती टोल माथिल्लो दरीङ्गले खोल्ची आर.सि.सि कंक्रिट वाल निर्माण | 4 | पुर्षोतम बिष्ट | 400200.00 | 266800.00 | 667000.00 | |
| 12 | भुन्द्रुङ माथिल्लो ताल 100 मि. नयाँ ट्र्याक निर्माण तथा कुलो व्यवस्थापन | 3 | सोम बहादुर कार्की | 100200.00 | 66800.00 | 167000.00 | |
| 13 | शिवहरी डाडा खोल्सी नियन्त्रण | 9 | नवराज पराजुली | 498000.00 | 332000.00 | 830000.00 | |
| 14 | कौगेडी दमार सिचाई तथा इनार खन्न | 3 | राम चन्द्र न्यौपाने | 200400.00 | 133600.00 | 334000.00 | |
| 15 | ज्यामिरे महादेव खोल्ची नियन्त्रण | 9 | लोकनाथ ढुँङ्गना | 499800.00 | 333200.00 | 833000.00 | |
| 16 | च्यापल चुरे खोल्ची तटबन्धन | 2 | डिल बहादुर मुक्तान | 499800.00 | 333200.00 | 833000.00 | |
| 17 | राधा कृष्ण मन्दिर जाने खोल्चि नियन्त्रण | 9 | गंगा राम थापा | 700200.00 | 466800.00 | 1167000.00 | |
| 18 | पालदमार पुलचोक टोल खानेपानी इनार खन्न | 3 | सुसिल अर्याल | 100200.00 | 66800.00 | 167000.00 | |
| 19 | सापकोटा टोल हाँडीखोला सिचाइ इनार खन्न | 3 | हिमाल सापकोटा | 100200.00 | 66800.00 | 167000.00 | |
| 20 | भुन्द्रङ गैरी टोल खानेपानी इनार निर्माण | 3 | सुमित्रा ओझा | 100200.00 | 66800.00 | 167000.00 | |
| 21 | भुन्द्रुङ सामुदायिक भवन मर्मत | 3 | गोपाल प्रसाद आचार्य | 200400.00 | 133600.00 | 334000.00 | |
| 22 | सगुन कृषि फर्म टनेल निर्माण | 3 | राधे तामाङ | 100200.00 | 66800.00 | 167000.00 | |
| 23 | रञ्जना कृषि तथा पशपंक्षी फर्म इनार खन्न | 3 | रुपलाल पुरी | 100200.00 | 66800.00 | 167000.00 | |
| 24 | भुन्द्रुङ मन्दिर टोल खानेपानी इनार निर्माण | 3 | प्रदिप अधिकारी | 100200.00 | 66800.00 | 167000.00 | |
| 25 | साना किसान कृषि सहकारी संस्था लि.को आधुनिक सभाहल तथा गृह निर्माण | 8 | बिमला कार्की | 1000200.00 | 666800.00 | 1667000.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 26 | ज्यामिरे कालिका सामुदायिक वन उपभोक्ता समुह भवन निर्माण | 9 | दिल बहादुर मुक्तान | 800400.00 | 533600.00 | 1334000.00 | |
| 27 | लामिटार विच टोल सिचाइ | 3 | नविन कुमार रेग्मी | 100200.00 | 66800.00 | 167000.00 | |
| 28 | च्वारपाखा भित्ताटोल वाटो निर्माण | 4 | | 200400.00 | 133600.00 | 334000.00 | |
| 29 | गौतम ढकाल टोल खानेपानी निर्माण | 4 | | 200400.00 | 133600.00 | 334000.00 | |
| 30 | दुग्देश्वर महादेव मन्दिर सत्तल निर्माण | 5 | | 380400.00 | 253600.00 | 634000.00 | |
| 31 | ईनार निर्माण उपभोक्ता समिति | 3 | विष्णुहरी उप्रेती | 97200.00 | 64800.00 | 162000.00 | |
| 32 | सिंचाई योजना भुन्द्रुङ | 3 | रविराज उप्रेती | 114000.00 | 76000.00 | 190000.00 | |
| 33 | घट्टेखोला खहरे नियन्त्रण योजना | 1 | भिमराज घलान | 600000.00 | 400000.00 | 1000000.00 | |
| | जम्मा | | | 10394400.00 | 6929600.00 | 17324000.00 | |

३. यस प्रस्तावमा छलफल गर्दा स-साना योजना संचालनका लागि वडा कार्यालयहरुवाट माग भै आएकाले त्यस्ता थौरै लगानीको तुलनामा अत्याधिक प्रतिफल दिने आकस्मिक योजनाहरुका लागि प्रत्येक वडाका लागि १० लाखका दरले वडा स्तरिय भैपरी योजना शिर्षकवाट विनियोजित रकमवाट देहाय अनुसारका योजनाहरु छनौट भएकाले उपभोक्ता समिति मार्फत संचालन/कार्यान्वयनको ब्यवस्था कार्यालयले मिलाउने ।

| वडा नं. | सि.नं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | 1.1 | आँप धाप वाटो निर्माण योजना | 100000.00 | |
| | 1.2 | भोर्लेटाँडि पदमपोखरी जोडने वाटो निर्माण | 150000.00 | |
| | 1.3 | तल्लो मकरी वीचटोल ग्राभेलिङ | 100000.00 | |
| | 1.4 | पर्ता गुम्वा निर्माण समिति | 150000.00 | |
| | 1.5 | गोगनपानी वाईवा उकालो नाला निर्माण | 150000.00 | |
| | 1.6 | भैरव टोल वाटो निर्माण योजना | 100000.00 | |
| | 1.7 | स्कुल डाँडा गोगनपानी वाटो निर्माण | 150000.00 | |
| | 1.8 | ट्याकि निर्माण योजना पर्ता झुल्यान | 100000.00 | |
| | | जम्मा | 1000000.00 | |
| 2 | 2.1 | च्यापल खेल मेदान निर्माण | 100000.00 | |

| | | | | |
|---|---|---|---|---|
| | 2.2 | च्यापल नयाँ ट्याक निर्माण योजना | 100000.00 | |
| | 2.3 | ट्याकि लमार खेल मैदान निर्माण | 100000.00 | |
| | 2.4 | सानाटोल खानेपानी निर्माण योजना | 100000.00 | |
| | 2.5 | रेशमटोल बस्ती बचाउ योजना | 200000.00 | |
| | 2.6 | घट्टवारी टोल वस्ती वचाउ योजना | 300000.00 | |
| | 2.7 | प्राविधिक शिक्षा (छात्रवृत्ती) | 100000.00 | |
| | | जम्मा | 1000000.00 | |
| 3 | 3.1 | घट्टेदमार सिंचाई कुलो मर्मत योजना | 100000.00 | |
| | 3.2 | सिद्दकाली खानेपानी मर्मत योजना | 200000.00 | |
| | 3.3 | भुन्दुङ १ नं. सिंचाई कुलो मर्मत योजना | 300000.00 | |
| | 3.4 | आमशान्ति भवन जस्ता ट्रष्ट निर्माण योजना | 100000.00 | |
| | 3.5 | लामिटार खानेपानी पाईप खरिद योजना | 100000.00 | |
| | 3.6 | अर्जुन पुडासैनीको घरवाट तलतिर जाने वाटो स्तरीकरण | 200000.00 | |
| | | जम्मा | 1000000.00 | |
| 5 | 5.1 | दुग्देश्वर महादेव मन्दिर सत्तल निर्माण | 5000000.00 | |
| | 5.2 | जोकरटोल दुम्सीघडा जाने बाटो निर्माण | 5000000.00 | |
| | | जम्मा | 10000000.00 | |
| 6 | 6.1 | जेडी पसल हुँदै खानेपानी टँकी वाटो निर्माण | 400000.00 | |
| | 6.2 | लोथर पुरानो वाटो मर्मत | 200000.00 | |
| | 6.3 | श्री वनदेवी मन्दिर संरचना मर्मत | 200000.00 | |
| | 6.4 | सुनाचुरी सुनादेवी वाटो निर्माण | 200000.00 | |
| | | जम्मा | 1000000.00 | |
| 7 | 7.1 | मनहरी हस्पिटल रोड ढल निकास | 200000.00 | |
| | 7.2 | समिलडाँडा भै मनहरी खोला जाने सडक स्तरीकरण | 200000.00 | |
| | 7.3 | बगर टोलमा वाटो स्तरीकरण | 200000.00 | |
| | 7.4 | लामा वस्ती झोरा नियन्त्रण योजना | 100000.00 | |
| | 7.5 | सेभेन जे टोडभेन्टिज चर्च निर्माण योजना | 100000.00 | |
| | 7.6 | ड्राईभर टोल बाटो नाला निर्माण योजना | 200000.00 | |
| | | जम्मा | 1000000.00 | |
| 8 | 8.1 | सुकौरा खोल्सी पुल/कल्भर्ट निर्माण योजना | 1000000.00 | |
| 9 | 9.1 | मस्राङ्गे टोल वाटो ग्राभेलिङ | 100000.00 | |
| | 9.2 | घरेडी टोल बाटो ढलान | 400000.00 | |
| | 9.3 | बाईपास वाटो स्तरीकरण रजैया | 200000.00 | |
| | 9.4 | प्रजा टोल हुँदै सुकौरा वाटो स्तरीकरण | 300000.00 | |
| | | जम्मा | 1000000.00 | |

४. यस प्रस्तावमा छलफल गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागवाट राप्ती खोलाका विभिन्न स्थानहरुवाट उत्खनन गर्न सकिने नदीजन्य पदार्थको प्रारंभिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदन २०७६ जेष्ठमा स्वीकृत भएकोमा स्वीकृत हुँदाका वखत पहिलो वर्षको कार्यान्वयन अवधि अन्तिम अवस्थामा रहेको र पर्सा राष्ट्रिय निकुञ्जको अनुरोध समेतका आधारमा कार्यान्वयन नगरिएको र दोश्रो वर्ष समेत देहाय अनुसार उत्खनन् गरी तीनै तहमा वाँडफाँड गरी पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयलाई समेत संकलिन राजब्व रकम पठाईएको ।

अनुमति प्राप्त परिमाण समेत कोरोना प्रकोपका कारण उत्खनन गर्न नसकिएको सन्दर्भमा खोलाको सतह बढदै गएको र खेतीयोग्य जमिन, गाउँ वस्ती, राष्ट्रिय राजमार्ग तथा निकुञ्जको करिव ४०० विगाहा चरन क्षेत्र समेत वाढिका कारण उजाड वगरमा परिणत हुन सक्ने देखिएकाले देहायका स्वीकृत क्षेत्रहरुवाट नदीजन्य पदार्थ हटाई नदी प्रणालीलाई प्राकृतिक वहावमा कायम राख्न वाँकि एक वर्षका लागि स्वीकृत आई.ई.ई. को म्याद थपका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग समक्ष अनुरोध गर्ने ।

| क्षेत्र | २ वर्षको कुल परिमाण | २०७६/०७७ मा उत्खनन् गरिएको परिमाण घ.मि. | निक्ञ्जमा पठाईएको राजश्व रका | संघीय सकरकारलाई पठाईएको मु.अ.कर | प्रदेश सरकारले पाएको राजश्व रकम | गाउँपालिकाले पाएको राजश्व रकम | २०७७/०७८ मा उत्खनन् का लागि प्रस्तावित परिमाण |
|---|---|---|---|---|---|---|---|
| मकरी चकरी, साईड १ | १६२०० | ० | ० | ० | ० | ० | १६२०० |
| | ५४००० | ० | ० | ० | ० | ० | ५४००० |
| सिम्पानी | ३१५०० | ० | ० | ० | ० | ० | ३१५०० |
| | ६७५०० | २५००० | ३७५००० | १०३१९४० | ३१७५२०० | ४७६२८०० | ४२५०० |
| रजैया, साईड १ | ३६००० | १७७०० | २६५५०० | ७३०६१४ | २२४८०४२ | ३३७२०६२ | १८३०० |
| | ४०८०० | १८९८४ | २८४७६० | ७८३६१४ | २४१११२० | ३६१६६८० | २१८१६ |
| राप्ती चुरे दोभान | ८०००० | २९४४१ | ४४१६१५ | १२१५२५४ | ३७३९२४३ | ५६०८८६४ | ५०५५९ |
| | ७५००० | ३४६५० | ५१९७५० | १४३०२६९ | ४४००८२७ | ६६०१२४१ | ४०३५० |
| राप्ती सिम्पानी, साईड २ | ४८००० | २७३०० | ४०९५०० | ११२६८७८ | ३४६७३१८ | ५२००९७८ | २०७०० |
| | ७८००० | ४५१५० | ६७७२५० | १८६३६८४ | ५७३४४११ | ८६०१६१७ | ३२८५० |
| जम्मा | ५२७००० | १९८२२५ | २९७३३७५ | ८१८२२५२ | २५१७६१६१ | ३७७६४२४१ | ३२८७७५ |

५. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकावाट चालु आ.ब.का लागि पालिका भित्रका गाई भैसीलाई २ पटक सम्म निशुल्क कृतिम गर्भाधान (AI) का लागि ५ लाख विनियोजन गरिएकोमा सो रकम नपुग देखिएको र गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार सो

कार्यलाई निरन्तरता दिनुपर्ने भएकाले नपुग रु. ५ लाख लहिना पशु विमा शिर्षकवाट थप गर्ने ।

६. यस प्रस्तावमा छलफल गर्दा जिल्ला समन्वय समिति तथा जिल्ला खेलकुद विकास समितिको संयुक्त आयोजनामा संचालन हुने जिल्ला स्तरीय अन्तर स्थानीय तह फुटवल प्रतियोगितामा सहभागिता जनाउने र सो का लागि लाग्ने अनुमानित खर्च सम्वन्धमा मिति २०७७/१२/२३ गते वसेको मनहरी गाउँपालिका खेलकुद विकास समितिको वैठकले सिफारिस गरेको रु. १,६९,७५०.०० चालु बजेट तर्फको क्योकोसिन कराँते प्रशिक्षण तथा तथा प्रशिक्षक ब्यवस्थापनवाट रु. १५० हजार र विविध शिर्षकवाट रु.१९ हजार नियमानुसार उपलब्ध गराउने ब्यवस्था कार्यालयले मिलाउने ।

७. यस प्रस्तावमा छलफल गर्दा कार्यालयमा रहेको २ वटा कृतिम गर्भाधानको शिड राख्न प्रयोग हुने नाईट्रोजनको भाँडो फुटि काम नलाग्ने भएकाले सो को ब्यवस्थापकिय पक्ष सुधार गरी थप २ वटा भाँडो पुँजिगत भैपरी विविध शिर्षकवाट नियमानुसार खरिद कार्य गर्ने ।

८. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ३ वस्ने मंगलीमाया विश्वकर्मा (ना.प्र.पत्र नं. २७/४८२) को माग तथा वडा कापर्यालयको सिफारिस अनुसार निजको आर्थिक अवस्था अत्यन्त कमजोर हुनुका साथै सहारा विहिन दलित एकल महिला भएको हँदा निजको परालको भित्ता र छाना हटाई सोहि स्थानमा ब्लक र जस्ताको छाना भएको सुरक्षित आवास निर्माण गर्ने आवश्यक देखिएकाले प्राविधिकको लागत अनुमान अनुसार उपध्यक्ष असहाय कोषवाट वढिमा १ लाख सम्मको टहरा वडा कार्यालय मार्फत निर्माण गर्ने ।

९. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकावाट संचालित विभिन्न योजनाहरु उपभोक्ता समिति संग सम्झौता भई कार्य भैरहेकोमा सामग्री तथा जनशक्ति अभावका कारण तोकिएको अवधिका समेत कार्य सम्पन्न हुन नसकेको देखिएकाले उपभोक्ता समितिको निर्णय तथा निवेदन र प्राविधिकको मनासिव राय सिफारिस लिई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(३) बमोजिम २०७८ आषाढ १५ सम्म सकिएको मिति देखि लागु हुने गरी कार्य अवधिको म्याद थप कार्यालयले गर्ने ।

१०. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ७ को मिलडाँडा देखि रमोली जोड्ने सडक निर्माणका लागि राजश्व वाँडफाँड प्रदेश सरकारवाट रु. ८७,५६,०००.००, आन्तरिक श्रोत नगदाट रु. १२,१४,०००.०० र बागमती प्रदेश नगदवाट रु. ९९,७०,०००.०० गरी कुल रु. १,९९,४०,०००.०० विनियोजन गरी वोलपत्र प्रकाशन गरीएकोमा सो ठेक्का कवोल रकम वाहेक वचत भएको रकमवाट सो क्षेत्रमा थप सडक निर्माण कार्य गराउन आवश्यक देखिएकाले देहायका निर्माण कार्यहरु उपभोक्ता समिति मार्फत गर्ने गरी वचत रु. ८० लाख बजेट विनियोजन गरी कार्यान्वयन गर्ने ।

मिति २०७७ चैत्र २३ गते सोमवार बसेको मनहरी गाउँ कार्यपालिका बैठकको निर्णय

| सि.नं. | योजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | मानेडाँडा देखि रमौली जोडने वाटो | ७२,२५,५००.०० | |
| २ | रमनटार ओकल्चे चोक स्ल्याव ढलान | ३,७४,५००.०० | |
| ३ | भुलचोक खयरघारी बाटो स्तरीकरण/निर्माण योजना | ४,००,०००.०० | |

११. यस प्रस्तावमा छलफल गर्दा लक्षित समुहहरुको कार्यक्रम संचालन गरी भुक्तानीका लागि पेश भएका कागजातहरुमा अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुले लागत साझेदारीका आधारमा कार्यक्रम संचालन गरेका अवस्थामा दोहोरो नपर्ने गरी विधि प्रकृया बमोजिम नै कार्यालयले भुक्तानीको ब्यवस्था मिलाउने ।

१२. यस कार्यालवाट मकरी १ खानेपानी आयोजना र वडा नं. ३ डोटे सुकौरा खानेपानी आयोजनाको लागि चालु आ.ब.२०७७/०७८ मा पाईप खरिद गर्ने शिलवन्दि दरभाउपत्र आह्वान गरिएकोमा कुनै पनि उत्पादक कम्पनी तथा आपुर्तिकर्ताको दरभाउपत्र पेश नभएको पाईप, चालु वर्ष भित्रै सो योजनाहरुको कार्य सम्पन्न गर्नुपर्ने भएकाले उत्पादक कम्पनीहरुवाट सार्वजनिक गरिएको दररेट माग गरी कम दररेट पेश गर्ने उत्पादक संग सम्वन्धित उपभोक्ता समिति मार्फत खरिद गरी योजना कार्यान्वयन गर्ने कार्यालयलाई निर्देशन दिने ।

१३. यस प्रस्तावमा छलफल गर्दा ७ नं.वडाको रमौली प्रतापपुर सिंन्चाई योजनाको, ६ नं. वडाको जोगिताल जाने पुलको DPR तथा वडा नं. ५ को शिखरवासमा पिकनिक गन्तब्य वनाउन कन्टेन्जेन्सी शिर्षकवाट विनियोजन गरी कार्यालयले लागत अनुमान अनुसार कार्य प्रकृया अगाडी वढाउने गर्ने ।

१४. यस प्रस्तावमा छलफल गर्दा स्थानीय तह सहिद स्मृति गोल्डकप अन्तराष्ट्रिय फुटवल प्रतियोगिता दोश्रो संर्मरण २०७७ लाई नपुग रकम रु. ३,५०,०००.०० चालु खर्चको मिल्दो शिर्षकवाट भुक्तानी गर्ने ।

१५. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिकामा रहेको हाँडिखोला तर्फका चुरे खहरे खोल्चाहरुवाट राप्ती नदी तर्फ गेग्रान वगेर आउने, मनहरी तथा लोथर खोलाको माथिल्लो क्षेत्रहरुवाट तल्लो तटिय क्षेत्रमा अत्याधिक गेग्रान वगी आउने कारण सो क्षेत्रमा रहेका मनहरी बजार क्षेत्र, खेतीयोग्य जमिनहरु, तथा राष्ट्रिय राजमार्ग भन्दा वगर क्षेत्र अग्लो भएकाले सो क्षेत्रमा निर्माण गरीएका वाँध, पुल, अन्य भौतिक संरचनाहरु लगायत निकुञ्ज तर्फ प्रतापपुरमा रहेको जंगली जनावारहरुको ठुलो चरन र जंगल क्षेत्र समेत वाढिवाट हुनसक्ने जोखिमको संकटापन्न अवस्थामा रहेको ।

जोखिमपुर्ण स्थानहरु निकुञ्जको मध्यवर्ति र चुरे संरक्षण क्षेत्रमा पर्ने भएकाले सो क्षेत्रमा थुप्रिएका गेग्रान हटाई नदी प्रणालीलाई ब्यवस्थित गर्ने सरोकारवाला

निकायहरुसंग समन्वय र सहकार्य आवश्यक रहेको र यो विषय ढुगा, गिट्टि, वालुवा जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिको मिति २०७७/१२/११ मा वसेको बैठकमा समेत निर्णय भएकाले नदी उकासका कारण मनहरी क्षेत्रमा हुनसक्ने क्षतिको जोखिम, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको आवश्यकता तथा जोखिम न्युनिकरण गरी नदी प्रणालीलाई दिगो रुपमा ब्यवस्थित गर्न गर्नु पर्ने अल्पकालिन र दिर्घकालिन कार्यहरुको स्थलगत रुपमा अध्ययन गर्न लाग्ने खर्च विपद् ब्यवस्थापन कोषवाट ब्यहोर्ने गरी प्रतिवेदन पेश गर्न विषय विज्ञ सहितको टोली परिचालन गर्ने । प्राप्त प्रतिवेदन कार्यान्वयनका लागि सरोकार निकायहरुमा समेत पेश गर्ने ।

१६. यस विविध प्रस्तावहरुमा छलफल गर्दा देहाय अनुसार गर्ने ।

क. मनहरी वडा नं. १ निवासी कृषक पोषक बावु विष्टलाई मिति २०७७ पौष २१ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिममा सहभागि हुन गएकाले सो तालिममा लाग्ने शुल्क उपलब्धताका लागि कार्यालय संग भएको संझौता अनुसार नपुग हुने रकम सोहि शिर्षकवाट पशु स्वास्थ्य तालिम तथा परामर्श सेवा (AHTCS) रामघाट १० पोखरालाई लाई उपलब्ध गराउने ।

ख. पशु खोप कार्यक्रम संचालनका लागि पशु स्वास्थ शिविर शिर्षकवाट रु ७५,०००.०० रकमान्तर गरी पशु खोप कार्यक्रम संचालन गर्ने ।

ग. मनहरी ६ लोथरमा विद्यालय र तल्लो बजार क्षेत्रका वासिन्दाहरुलाई खानेपानीको सम्या रहेको हुँदा पानी तान्ने मोटर १ थान र पानीको पाईप ३०० मिटर स्थानीय वुद्दरत्न लामा सहित समस्या समाधानका लागि वडा कार्यालयको सिफारिस समेत प्राप्त भएकाले प्राविधिकको लागत अनुमान अनुसार ती सामग्रीहरु विपद् ब्यवस्थापन कोषवाट खरिद गरी वडा कार्यालय मार्फत उपलब्ध गराई समस्या समाधान गर्ने ।

घ. मनहरी वडा नं. २ वलीराज टोलमा सडक मर्मतका लागि ३० घण्टा नवढने गरी प्राविधिकको लागत अनुमान अनुसार मेसिनरी औजार प्रयोग गरी मर्मत कार्य गर्ने र सोको भुक्तानी पुँजिगत भैपरी विविध शिर्षकवाट कार्यालयले नियमानुसार भुक्तानीको ब्यवस्था मिलाउने ।

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष